बैठक सङ्ख्या : २०

स्थान : पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय, तकसेरा

आज मिति २०८० साल कार्तिक महिनाको २२ गते दिनको १०:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको २० औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | गा.पा. अध्यक्ष |
| भुपेन्द्रा बुढा | गा.पा. उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| इनर्म बुढा | ७ नं. का.बा. वडा अध्यक्ष |
| दल बहादुर शाहि | ८ नं. का.बा.वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| धनकुमारी वि.क. | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का.वा. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| ललित पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| समिर गिरी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| भीम प्रकाश के सी | पशु सेवा शाखा प्रमुख |

**२० औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. २०८० मंसिर ३ गते वडा नं. १ मैकोटमा हुने सम्माननीय प्रधानमन्त्रीको भ्रमण सम्बन्धमा ।
३. जनपरिचालन तथा उपस्थिती सम्बन्धमा ।
४. सुचना संन्चार सम्बन्धमा ।
५. सम्माननीय प्रधानमन्त्री समक्ष माग पत्र पेश गर्ने सम्बन्धमा ।
६. मिति २०८० कार्तिक १७ गतेको भुकुम्पबाट प्रभावितहरुलाई राहत/सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
७. शोक प्रस्ताव सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।
    ८.१ गाउँपालिका भित्र प्रजनन् स्वास्थ्य सम्बन्धि समास्या भएका महिलाहरुको उपचार समबन्धमा ।

**निर्णयहरु:-**

१. यस भन्दा अघि गाउँ कार्यपालिकाको मिति २०८०।०६।१२ र १३ गते २० औँ बैठकका निर्णयहरूको प्रगतिबारे समीक्षा गरियो ।

२. लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १ मैकोटमा मिति २०८० मंसिर ३ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्युको आगमन हुने कार्यक्रम रहेको हुदाँ गाउँपालिका भित्रका १४ वटै वडा कार्यालयले आ-आफ्नो सिमा/क्षेत्रमा स्वागत गेट २०८० कार्तिक ३० गते भित्र निर्माण गर्ने । साथै वडा नं. १, ५, ६, १०, ११, १३ र १२ मा निर्माण गरिने स्वागत गेटमा राष्ट्रिय झण्डा राख्ने र सम्माननीय प्रधानमन्त्रीज्युको फोटोसहितको फ्ल्यास बोर्ड,पर्चा,पम्प्लेट देहाय बमोजिमका परिमाणमा छपाई गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.स. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | ब्यानर | संख्या | १३ | |
| २ | फ्ल्यास बोर्ड | संख्या | १५ | |
| ३ | पर्चा पम्पलेट | प्रति | ५०० | |

३. मिति २०८० मंसिर ३ गते हुने कार्यक्रमको लागि वडा नं. १ मैकोटले गाउँपालिका भित्र रहेका सबै राजनितिक दल, समाजसेवी, बुद्धिजीवि, सर्वसाधारण जनताहरुको उपस्थितीको लागि १४ वटै वडा कार्यालयहरुको समन्वयमा बढि भन्दा बढि उपस्थितीको लागि विशेष पहल गर्ने निर्णय गरियो ।

४. मिति २०८० मंसिर ३ गते कार्यक्रमलाई भव्य र सभ्य बनाउन प्रचार प्रसार र सुचना प्रवाह गर्नका लागि तपसिल अनुसारको प्रचार प्रसार समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

संयोजक - टिकासाई घर्ति मगर
सदस्य - द्रवेश बुढा मगर
सदस्य - मल्ति पुन
सदस्य - बम बहादुर बुढा मगर
सदस्य - विरमान कामी

सदस्य - राज कुमार सुनार
सदस्य - भिम प्रकाश के सी

५. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) समक्ष यस पुथा उत्तरगङ्गा गाउँपालिकाको लागि निम्न बुदाहरुसहितको माग पत्र पेश गर्ने निर्णय गरियो ।

**तपसिल:-**

क. साबिक रुकुम जिल्ला स्थित राजनैतिक दलहरुको सर्वदलिय सहमतिको निर्णयबाट आवश्यकतालाई ध्यानमा राखि स्थानीय तह पुर्नसंरचना प्राविधिक सहयोग समितिले मिति २०७३।०६।२९ गते र मिति २०७३।०८।९ गते निर्णय अनुसार साबिक रुकुम जिल्लालाई ३ ओटा नगर तथा ७ ओटा गाउँपालिकाको संख्यामा हिमाली क्षेत्रका गा वि स हरु रन्मामैकोट, हुकाम र जाङ को ८ र ९ लाई जोडेर पुथा गाउँपालिका बनाएर त्यसको केन्द्र गरघाट निर्धारण गरीएकोमा स्थानीय पुर्नसंरचना आयोगले पुथा गाउँपालिकालाई तकसेरा, कोल र राङ्सीसंग जोडेर एउटै पुथा उत्तरगङ्गा गाउँपालिका बनाएर भौगोलिक दुर्गमता र विकटतालाई ध्यानमा नराखि उपेक्षा गरिएको हुदाँ हिमाली मापदण्डको आधारमा दुई ओटा गाउँपालिका (वडा नं. १, २, ३, ४, ५, ६ र ९ लाई जोडेर पुथा गाउँपालिका र वडा नं. ७, ८, १०, ११, १२, १३ र १४ लाई जोडेर उत्तरगङ्गा गाउँपालिका) पुर्नसंरचना गर्न सम्माननीय प्रधानमन्त्री समक्ष माग गर्ने । साथै यस गाउँपालिका कार्यालयको मिति २०७८।०१।२० गते, चलानी नं. ७८८ बाट मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , लुम्बिनी प्रदेश मुकाम बुटवललाई पठाईको पत्र र मिति २०७८।०१।१५ गतेको विशेष अधिवेशनको निर्णय नं. २ अनुसार वडा नं. २ को विपरित ध्रुवमा रहेको भौगोलिक भु-भागलाई मध्ये नजर गरी रल, तिज्याङ,हार्दिवाङ,जुसमुरलाई वडा नं. १ मा मिलान गर्ने र दुले र जुनाङलाई वडा नं. २ पेल्मामा मिलानको लागि प्रधान्मन्त्री समक्ष माग गर्ने ।

ख. दाङ-होलेरी-टिला-घर्तिगाउँ-थवाङ-महत-काक्री-कोल-तकसेरा-हुकाम-मैकोट-डोल्पाको सहरतारा हुदै चिनको सिमा सम्मको लागि निर्माणधिन सहिद मार्गले गति लिन नसकेको हुदाँ यसको लागि द्रुत मार्गबाट निर्माण गर्न विशेष पहल गर्न ध्यान आकर्षण गराउदै बजेटको सुनिश्चितताको लागि माग गर्ने ।

ग. त्रिवेणी-बालुवा-सेरा-ढोरपाटन-म्याग्दी सानीभेरी उत्तरगङ्गा करीडोर निर्माणको लागि बजेट माग

घ. क्युवाङ-कोल-गोलखाडा-राङ्सी-नाखा-जामाबगर हुदै चारगाउँ सडक स्तरउन्नोतीको लागि बजेट माग

ङ. नाइघाट-चारगाउँ-कुकुरगाडे-खारावाङ-अर्जल-रन्मा-मैकोट-पेल्मा-फागुने हुदै ढोरपाटन पर्यटन सडक निर्माणको लागि बजेट माग

च. अति प्राचिन काल देखि नै मगर आदिबासीहरुले चरिचरन भोगी चर्ची ओगटि आएको आफ्नो मगरात पैतृक तथा संस्कृतिक भुमिको स्वंयम जन्मसिद्ध र संरक्षक हुन । तिनको पैतृक भुमिलाई जबरजस्ती अतिक्रमन गरी तिनीहरुलाई त्यहाँबाट विस्थापित गराउने गरी भुमिहिन बनाउने षडंत्रका साथ तत्कालिन पंन्चायती ब्यवस्थामा राजामहाराजाहरु र विश्वका धनाढ्य ब्यापारीहरुलाई शिकार खेल्ने आराम गर्ने मनोरञ्जन र मोजमस्ती गराउन स्थापित निकाय र यसका लागि बनेका कानुनहरु २०४६ सालको बहुदलिय ब्यवस्था १० बर्षे जनयुद्ध र निरंकुश राजतन्त्रको अन्त्यसंगै संघिय लोकतान्त्रिक ब्यवस्था आइपुग्दा पनि यि नकाय र यसका लागि बनेका कानुनहरुले निरन्तरता पाई रहदाँ अन्तराष्ट्रिय श्रम संगठन (ILO) १६९, जैविक विविधता महासन्धी संयुक्त राष्ट्र संघको महासभाले आदिबासीहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघिय घोषणा पत्र २००७ र संयुक्त राष्ट्र संघको महासभामा नेपालले राष्ट्र पक्ष भई हस्ताक्षर गरे संगै नेपालको संविधान २०७२ को धारा ५१ (ख) ३ प्रथाजनित अन्तराष्ट्रिय कानुन नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी सिद्धान्त अनुसार राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०२९ स्वत निस्क्रिय भएकाले यस क्षेत्रका आदिबासीहरुको पुखौंली थाकथलो भई यहाँको जल भुमी बनजङ्गल स्रोतहरु पुस्तौ देखि संरक्षण सम्बर्द्धन तथा दिगो उपयोग गरी आएकाले उनीहरुको बसोबास जिविकोपार्जनसंग

जोडीएको पशुपन्छीहरुको चरिचरन प्रयोग गर्दै आएको चरनहरुमा अलिकति तलमाथि भएमा उनहरुको जिवनचर्या र गासबासमा गम्भिर असर पर्न जाने र यस क्षेत्रको आदिबासी जनजातीहरुको पुर्खौली तथा परम्परागत बस्ती परम्परा भाषा धर्म संस्कार संस्कृती जिविकोपार्जन जिवनशैली र यसको मौलिकताको संरक्षण सम्बर्द्धनमा विकास गर्ने उद्येश्य अनुरुप यहाँ अवस्थित ढोरपाटन शिकार आरक्षलाई नेपालको संविधानको धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २३१ को उपधारा २ र धारा २२६ को उपधारा १ संग सम्बन्धित अनुसुची ८ को १० र २१ अनुसार स्थानीय स्व-व्यवस्थापनमा हस्तान्तरणका लागि प्रधान्मन्त्री समक्ष माग गर्ने निर्णय गरीयो।

छ. उत्तरगङ्गा जलाशय युक्त जलविद्यूत आयोजनालाई स्थानिय समुदायको पहिचान, संस्कृति, जिविकाको साथै जैविक विविधताको संरक्षणसंगै अहिले सम्मको प्रारम्भिक अध्ययन अनुसार नदिको बहावतिर अर्थात सानिभेरी बेसिन तर्फ परियोजना निर्माण गर्दा टनेलको केहि लम्बाई बढेर थोरै मात्र खर्च वृद्धि भएपनि वार्षिक उर्जा उत्पादनमा फरक नपर्ने प्राविधिकहरुको भनाई रहेकाले तल्लो तटीय परियोजनाबाट उपल्लो तटीय परियोजनाले प्राप्त गर्ने लाभको विश्लेषन गर्दा खर्चमा खासै फरक नपर्ने भएकाले उत्तरगङ्गा जलाशय युक्त जलविद्युत आयोजना उक्त नदिको बहाव क्षेत्र सानिभेरी बेसिन तिर नै बनाउन सम्माननीय प्रधानमन्त्री समक्ष माग गर्ने।

ज. पुथा उत्तरगङ्गा गाउँपालिका पर्यटकीय दृष्टिले अत्यन्तै सम्भावनायुक्त क्षेत्र भएको हुदाँ पर्यटकीय क्षेत्र घोषणा गरी बजेट व्यवस्था गर्न माग गर्ने।

झ. सानिभेरी नदि (पेल्मा खोला, घुस्दुङ खोला र रन्माखोला लगायत) को करिब विभिन्न कम्पनीहरुले ४०० मेगावाट सम्मको विद्यूत उत्पादनको लागि अध्ययनको प्रक्रियामा रहेको हुदाँ नेपाल सरकारबाट विशेष पहल गरी यस क्षेत्रमा विद्युत उत्पादन गर्न बजेट व्यवस्थापन गर्न माग गर्ने।

६. मिति २०८० कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्र विन्दु बनाई गएको ६.४ म्याग्नेच्युडको भुकुम्पमा परी जाजरकोट र रुकुम पश्चिममा ठुलो जनधनको क्षति भएको हुदाँ सो क्षेत्रको लागि तत्काल गाउँपालिका विपद्ध व्यबस्थापन कोषबाट खर्च व्यहोरीने गरी रु. ३,००,०००.०० (अक्षरुपी तिन लाख मात्र) बराबरको राहत/सहयोग रकम प्रदान गर्ने निर्णय गरियो।

७. मिति २०८० कार्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्र विन्दु बनाई गएको ६.४ म्याग्नेच्युडको भुकुम्पमा परी जाजरकोट र रुकुम पश्चिममा ठुलो जनधनको क्षति भएको हुदाँ पुथा उत्तरगङ्गा गाउँपालिका परिवार घाइतेहरुमा शिघ्रस्वास्थ्य लाभको कामना ब्यक्त गर्दछौ। साथै मृतकहरुमा हार्दिक श्रदाञ्जली ब्यक्त गर्दै शोक प्रस्ताव पारीत गर्ने निर्णय गरियो।

८.१ यस पुथा उत्तरगङ्गा गाउँपालिकामा विभिन्न समयमा संन्चालन गरीएका महिला प्रजनन् स्वास्थ्य शिविरमा पहिचान भएका जटिल समास्याबाट ग्रसित महिलाहरुलाई काठ्माण्डौ महानगरपालिकाको आर्थिक सहयोगमा गाउँपालिकाले समन्वय गरी उपचारको लागि विशेष पहल गर्ने निर्णय गरियो।

एवंम प्रकार आगामी कार्यपालिका बस्ने गरी आजको बैठक समापन गरियो।